HRDK
네팔 EPS센터
Nepal EPS Center

# EPS परीक्षा उत्तीर्णपछि कोरिया प्रवेशसम्मको प्रकिया बारे जानी राखौं

## STEP 1 — JOB APPLICATION

- **जब एप्लिकेशन (Job Application) फाइल कहाँ भर्ने ?**

**नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** अन्तर्गतको **ई पि एस कोरिया शाखा**को अनलाइन साइटमा

- **जब एप्लिकेशन फाइल कोरियामा कस्ले कुन निकायमा पठाउछ ?**

**नेपाल सरकार, श्रम मन्त्रालय** अन्तर्गतको **ई पि एस कोरिया शाखा**ले दक्षिण **कोरिया**मा अवस्थित **HRD Korea**को **मुख्यालय** मा पठाउछ ।

* ई पि एस कोरिया शाखा (EPS Korea Section, MoLESS),ग्वार्को
www.epsnepal.gov.np
01-5186349
01-5186350

## STEP 2 — JOB APPLICATION APPROVAL

- **जब एप्लिकेशन फाइल एप्रुभ कुन निकायले गर्छ ?**

**दक्षिण कोरिया**मा अवस्थित **HRD Korea**को **मुख्यालय**ले गर्छ

- **एप्रुभ हुनु भनेको के हो?**

रोजगारी खोज्नेहरुको सूची **(Job-seekers' Roster)** मा समावेश हुनु हो ।

- **किन कसैको (जब एप्लिकेशन) फाइल रिटर्न आउछ ?**

जब एप्लिकेशनमा भएको विवरणमा त्रुटि भएमा वा बुझाएको कागजपत्र अस्पष्ट भएमा

- **रिटर्न आएको फाइल कहाँ सच्याउने ?**

**नेपाल सरकार, श्रम मन्त्रालय** अन्तरगतको **ई पि एस कोरिया शाखा**मा

## STEP 3 — HIRING OF FOREIGN WORKERS

- **रोजगारदाताले विदेशी श्रमिक कहाँ माग गर्छ ?**

आफ्नो एरियाको **जब सेन्टर(고용센터)**मा

- **रोजगारदाताले कुन माध्यमबाट माग गर्छ ?**

अनलाइन वा **जब सेन्टर (고용센터)** मा आफै गएर

- **कसरी माग गर्छ ?**

आफूलाई उपयुक्त लाग्ने राष्ट्र, लिङ्ग, उमेर आदि विविध कुराको मापदण्ड तय गरेर

- **अब जब सेन्टरले विदेशी श्रमिक कसरी सिफारिस (Job Application) गर्छ ?**

रोजगारदाताले तोकेको मापदण्डमा पर्नेहरु मध्ये स्वचालित प्रणालीबाट १:३ अनुपातमा

* विदेशी श्रमिक रोजगारी सम्बन्धी ऐन धारा ८मा उल्लेख

## STEP 4 — LABOUR CONTRACT

- **श्रमिक छनौट गर्ने वितिकै श्रम सम्झौता नेपाल आउछ ?**

**आउदैन ।** रोजगारदाताले पनि श्रमिक छनौट गरेपछि सम्पूर्ण प्रकिया पुरा गर्नु पर्दछ ।

- **श्रम सम्झौता नेपालमा आए कहाँ गएर साइन गर्ने?**

**नेपाल सरकार, श्रम मन्त्रालय** अन्तर्गतको **ई पि एस कोरिया शाखा**मा

## STEP 5 — PDOT

- **श्रम सम्झौता गरेपछि अब के गर्ने ?**

६ दिने पूर्व अभिमुखिकरण तालिम लिने

- **पूर्व अभिमुखिकरण तालिमपनि ई पि एस कोरिया शाखामा लिने हो?**

**होइन ।** पूर्व अभिमुखिकरण तालिम **नेपाल सरकार, श्रम मन्त्रालय** अन्तर्गतको **राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान**मा लिनु पर्दछ ।

- **पूर्व अभिमुखिकरण तालिम लिन के गर्ने ?**

**राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान**को वेबसाइटमा गएर फाराम भर्ने र आफ्नो तालिका चेक गर्ने ।

*राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (National Academy of Vocational Training), भैंसेपाटि
www.vsdta.gov.np
01-5590800
01-5590801
01-5590254

## STEP 6 — CCVI ISSUANCE

- **CCVI पनि दक्षिण कोरियामा अवस्थित HRD Korea को मुख्यालयले जारी गर्छ ?**

**गर्दैन ।** CCVI कोरियाको कानुन मन्त्रालय अन्तर्गतको अध्यागमन कार्यालय (Immigration) ले जारी गर्दछ ।

- **CCVI नेपाल आएपछि कहाँ जाने ?**

**नेपाल सरकार, श्रम मन्त्रालय** अन्तर्गतको **ई पि एस कोरिया शाखा**मा गएर CCVI भर्ने

- **CCVI भर्दा पनि मेडिकल र पुलिस रिपोर्ट चाहिन्छ ?**

हो, चाहिन्छ ।

## STEP 7 — VISA & FLIGHT

- **भिसा कहाँबाट जारी हुन्छ ?**

काठमाडौंमा अवस्थित दक्षिण कोरियाली राजदूतावासबाट

- **कोरियाली राजदूतावासमा भिसा आवेदन स्वयं आफैले दिनुपर्छ ?**

**पर्दैन ।** **नेपाल सरकार, श्रम मन्त्रालय** अन्तर्गतको **ई पि एस कोरिया शाखा**ले सामूहिक आवेदन दिन्छ ।

- **के अन्तिम उडान तालिका नेपालमा तय हुन्छ ?**

**हुदैन ।** यो कोरियामा निर्धो हुन्छ । श्रमिक ल्याउन रोजगारदाता पूर्णरुपमा तयार भएमा अन्तिम उडान तालिका तय हुन्छ ।

- **यी सम्पूर्ण प्रकिया कसरी थाहा पाउने ?**

आफ्नो EPS आइडिमा हेरेर वा **नेपाल सरकार, श्रम मन्त्रालय** अन्तरगतको **ई पि एस कोरिया शाखा**को वेबसाइटमा